# दोश्रो गाउँसभामा प्रस्तुत
# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट
# नीति तथा कार्यक्रम

सहिदभूमि गाउँपालिका,

## गाउँ कार्यपालिकाको कार्यालय

धनकुटा

१ नं. प्रदेश, नेपाल

पारित मितिः आषाढ २०७५

१. अध्यक्ष/उपाध्यक्षको मन्तव्य
२. उपस्थिति
३. बजेट वक्तव्य

**सहिदभूमि गाउँपालिका, धनकुटा**
**प्रथम गाउँसभामा प्रस्तुत आर्थिक बर्ष २०७५/२०७६ को बार्षिक नीति, कार्यक्रम तथा वजेट बक्तव्य**

यस प्रथम गाउँसभाका सभाध्यक्ष , गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सर्वप्रथम यस गाउँपालिकाका निर्वाचित पदाधिकारीज्यूहरूलाई म, गाउँ प्रमुख र गाउँ कार्यपालिका परिवारको तर्फबाट हार्दिक स्वागत गर्दछु, साथै देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरू प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाल सरकारको २०७३ फागुन २७ को निर्णयानुसार तीनवटा गाविस समावेश गरी सहिदभूमि गाउँपालिका घोषणा भई विकासपथमा लम्किरहेको यस सहिदभूमि गाउँपालिकाका विविध समस्या, चुनौति र अवसरहरू छन भन्ने कुरा हामीमा विदितै छ । यसका वावजुद पनि यस गाउँपालिका क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ निर्वाचित सभा प्रतिबद्धताका साथ लागि पर्ने विश्वास लिंदै हामी जनप्रतिनिधिहरू जनताका चाहना, आकाँक्षा र भावनालाई सम्बोधन गर्ने दृढ संकल्पका साथ यस दोश्रो गाउँसभामा आ.व. ०७५/०७६ का लागि बार्षिक नीति तथा कार्यक्रम र वजेट समेत यस सम्मानित सभा मार्फत समग्र गाउँपालिकाका नागरिकहरू समक्ष राख्न पाउँदा म आफु र यस गाउँ सभालाई गौरवान्वीत ठानेको छु । यस अवसरमा हाम्रो कदमलाई निरन्तर सहयोग पुर्‍याउदै आउनुहुने गाउँबासीहरू, निर्वाचित पदाधिकारीहरू, राजनैतिक दलका पदाधिकारीहरू, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरू, नागरिक समाजका अभियन्ताहरू, शिक्षक, पत्रकार, साहित्यकार, बुद्धिजिवी र समाजसेवीहरू प्रति आभार व्यक्त गर्दछु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

हाम्रा चाहना र आवश्यकताहरू असिमित तर स्रोत र साधनहरू सिमित छन् । उपलब्ध सिमित स्रोत र साधनबाट समग्र गाउँको सम्पूर्ण नागरिकहरूको चाहना र विकासलाई सम्बोधन गर्न आफैंमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकताका साथ परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता हो । यस तर्फ सम्पूर्ण सदस्यज्यूहरूको सहयोग र सहकार्यको आशा लिएको छु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब म यस गाउँपालिकाको योजना, बजेट तथा कार्यक्रम तर्जुमाको लागि अबलम्बन गरिएका पद्धति तथा लिइएका आधारहरूको बारेमा व्याख्या गर्न चाहन्छु । जसमा,

१. नेपालको संविधान, २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरू र स्थानीय तहको अधिकार क्षेत्र भित्र पर्ने भनि संविधानले परिभाषित गरेका अधिकारका क्षेत्रहरू ।
२. स्थानीय सरकार संचालन ऐन २०७४ र नेपाल सरकारबाट समय समयमा जारी भएका आदेश तथा निर्देशनहरू ।
३. दीगो विकासका लक्ष्य तथा त्रि-बर्षिय राष्ट्रिय योजनाले निर्धारण गरेका प्रमुख क्षेत्रहरू ।
४. वडा स्तरीय योजना तर्जुमा भेला तथा वडा समितिको सिफारिस, विषयगत समिति र योजना तर्जूमा तथा कार्यक्रम समितिबाट सिफारिस भई आएका योजनाहरू ।
५. राजश्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिका निर्णयहरू ।
६. बजेट तथा कार्यक्रम तर्जूमा समितिका निर्णयहरू ।
७. विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक सुरक्षा, दिगो विकास, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, वालमैत्री र वातावरण मैत्री स्थानीय शासन, आधारभूत स्वास्थ्य, पूर्ण साक्षरता, खुला दिशामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट, पूर्वाधार विकास लगायतका अन्तर सम्बन्धित विषयहरू लाई लिइएको छ ।

**आदरणीय अध्यक्षतथा गाउँसभा सदस्यज्यूहरू,**

श्रोत साधनको सिमित उपलब्धताका कारण योजना तथा कार्यक्रमहरूलाई प्राथमिकतापूर्वक क्रमशः कार्यान्वयन गर्दै लग्नुपर्ने वाध्यता भएकोले सो को लागि सालबसाली रुपमा आयोजनालाई विभाजन गरी प्राथमिकताका क्षेत्रहरूको पहिचान गर्नुपर्ने आजको आवश्यकता हो । सोही सिद्धान्त अनुरुप हामीले योजना तथा कार्यक्रमहरू छनौट गर्दा देहायका आधारहरू तय गरी सोही अनुरुप योजना तथा कार्यक्रम छनौट गरेका छौ ।

आधारहरू :

१. आर्थिक विकासका नयाँ ढोका खोल्न सक्ने सम्भावित क्षेत्रहरू, जस्तैः कृषि, सडक,पर्यटन, शिक्षा, स्वास्थ्य र खानेपानी आदी ।
२. पूर्वाधारयुक्त, उत्पादनमुखी र अधिंकाश नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रमहरू ।
३. स्वास्थ्य र शिक्षाको उपलब्धता तथा गुणस्तरीयतामा अभिबृद्धि हुने कार्यक्रमहरू ।
४. लक्षित समुदायलाई प्रत्यक्ष फाइदा हुने कार्यक्रमहरू ।
५. आवधिक र गुरुयोजनाले निर्दिष्ट मार्गदर्शन गरेका कार्यक्रमहरु ।
६. विपद्बाट कम क्षति पुग्ने र विपद्को समयमा उद्दार गर्न सघाउ पुग्ने योजना तथा कार्यक्रमहरू ।
७. विपन्न दलित, पिछडा वर्ग, जनजाति, सिमान्तकृत समुदायको रोजगारी तथा प्रतिनिधित्वलाई टेवा पुऱ्याउने योजना तथा कार्यक्रमहरू ।
८. अधुरा र क्रमागत योजनाहरूलाई पुरा गर्ने वजेट तथा कार्यक्रमहरू ।
९. संस्थागत संरचनालाई दिगो बनाउने कार्यक्रमहरु ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब म आ.व. २०७४/२०७५ मा यस गाउँपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको संक्षेपमा समिक्षा गर्दै यस अवधिको आय व्यय प्रस्तुत गर्दछु । आ.व. ०७४/०७५ मा आन्तरिक आय रु ३१ लाख ५८ अनुमान रहेको थियो । नेपाल सरकारबाट शसर्त रु. ८ करोड ९७ लाख ४६ हजार र वित्तीय समानीकरण तर्फ रु. १३ करोड ७३ लाख १९ हजार प्राप्त भएको थियो भने मौज्दात ८२ लाख ५१ हजार ६ सय ७२ रुपिया २५ पैसा र अन्य आम्दानी सहित कुल आम्दानी २३ करोड ८६ लाख २२ हजार १ सय ४८ रुपियाँ ८२ पैसा रहेको थियो । विनियोजन अन्तरगत चालु खर्च तर्फ रु २ करोड ९६ लाख ५९ हजार ७ सय ७८, पूजिगत खर्च तर्फ रु २० करोड ८९ लाख ६२ हजार ३ सय ७० रुपियाँ ८२ पैसा भएकोमा संशोधित खर्च तर्फ चालुमा रु.८७ लाख ५० पचास हजार ७० रुपियाँ र पुँजीगत तर्फ रु. १२ करोड २० लाख ६२ हजार रकम खर्च भैसकेको जानकारी गराउन चाहान्छु । यस चालु बर्षको जेष्ठ मशान्त सम्मको अवधिमा गाउँसभाले स्वीकृत गरेको कार्यक्रमबाट चालु तर्फ ३० प्रतिशत र पुजीगत तर्फ ६० प्रतिशत भौतिक तथा वित्तिय प्रगति हासिल भएको सभा समक्ष जानकारी गराउन चाहान्छु । उल्लेखित खर्च प्रतिशत १ महिना समय अझै बाँकी रहेकोले प्रगति प्रतिशत अझै बढने समेत जानकारी गराउन चाहान्छु । यस आर्थिक बर्षको लागि गाउँसभाबाट समयमा नै बजेट तथा कार्यक्रम आएतापनि यसै बर्षभित्र सम्पन्न भएको संसदीय, प्रदेश निर्वाचन, नेपाल सरकारबाट सबै तह र सेवाका कर्मचारीको पदस्थापनामा भएको समस्या एवं जनप्रतिनिधिहरुको नयाँपनका कारण सबै योजना तथा कार्यक्रम एवं बजेटको सदुपयोग हुनमा अपेक्षाकृत केही ढिलाई हुन गएको भएतापनि पुंजीगत बजेट परिचालन औषतमा नै रहने आशा गरिएको छ ।

अब म यस अवधिको प्रगतिको समिक्षा गर्दै वर्तमान अवस्थाको विश्लेषण प्रस्तुत गर्दछु ।

क. आर्थिक विकास :

आर्थिक विकासको क्षेत्रमा यस गाउँपालिकाको प्रगति सामान्य रुपमा अघि बढिरहेको छ। खास गरी यहाँ सुन्तला, टमाटर तथा नगदे बालीहरुको उत्पादनले वजार पाइरहेको छ । कृषि तथा पशुजन्य उत्पादन व्यवसायिकता तर्फ उन्मुख हुदै गएको छ । त्रिवेणी, छिन्तागदेवी मन्दिर, सहिदपार्क लगायत पर्यटकीय स्थलहरुमा देखिएको आन्तरिक पर्यटन वृद्धि तथा धार्मिक पर्यटकीय क्षेत्रमा समयको बदलाव एवं शान्ति तथा सहजताका कारण पर्यटकीय विकासमा संभावना वढेको पाउन सकिएको छ भने वाणिज्य व्यापारमा स्थानीय सरकारको नीति एवं नागरिकको चेतनाको स्तर वृद्धि हुनुने केही सुधारको अपेक्षा देखिएको छ

साथै विभिन्न वित्तिय संस्थाहरूको क्रमिक उपस्थिति आदिले आर्थिक विकासमा अझ थप सुधार हुने अपेक्षा गरिएको छ ।

**ख. सामाजिक विकास:**

शिक्षा, स्वास्थ्य, खानेपानी, महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, पिछडा वर्ग, विशेष क्षमता भएका नागरिक तथा जेष्ठ नागरिकहरूको उत्थान र विकासमा गरिएको लगानीले केही उल्लेख्य सुधार आएको अपेक्षा छ । शिक्षा क्षेत्र र खानेपानी क्षेत्र तथा खेलकुद विकासका कार्यक्रमहरु केही तहसम्म रीखएको भएतापनि यस क्षेत्रका कार्यक्रम तथा योजनालाई अझ परिष्कृत र ठोस बनाउदै लानु पर्ने आवश्यकता देखिएको छ । लक्षित बर्गको स्वरोजगारीमुलक कार्यक्रम तथा आर्थिक अवस्था सृदण बनाउन र वैदेशिक रोजगारीको प्रभावकारी व्यस्थापन तथा आन्तरिक रोजगारी प्रर्वद्धन चुनौतिपूर्ण भएतापनि स्थानीय सरकारको कार्यक्षमतामा आएको सुधारको कारण आगामी दिनमा शसक्त बनाउन सकिने आशा गर्न सकिन्छ । सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणाली मार्फत वितरण गर्ने कार्यलाई व्यवस्थित गर्दै लानु पर्ने तथा भत्ता वितरण प्रकृयालाई सुचना प्रणाली संग आवद्ध गर्नुपर्ने चुनौति समेत विद्यमान छ ।

**ग. पूर्वाधार विकास :**

यस गाउँपालिकाक्षेत्र भित्र विगतमा भन्दा यस बर्ष सडकको विस्तार र नयाँ सडक पहुँचमा वृद्धि भएको छ । पूर्वाधार विकास अन्तरगत सडकको विस्तार र स्तरोन्नती अन्य पूर्वाधार भन्दा उच्च तहमा भएको अनुभव गर्न सकिन्छ । कच्ची सडकलाई क्रमिक रुपमा स्तरोन्नती गरी बाह्रै महिना सवारी चल्न सक्ने बनाउनुका साथै केही सडकहरुलाई कालोपत्रेमा रुपान्तरित गर्न अझ प्रयासरत देखिनुपर्ने छ । त्यसै गरी वडा कार्यालय भवन, सामुदायिक भवन, खेलकुद भवन, सोलार सडक बत्ती विस्तार र निर्माण आदिमा प्रगति देखिएको छ । विद्युतिकरण तथा उर्जा विकासका कार्यमा थप चुनौति रहेको देख्न सकिन्छ भने वजेटको आवश्यकता रहेको छ ।

**घ. वातावरण तथा विपद् व्यवस्थापन :**

यस गाउँपालिकामा खासगरी प्रकोपको जोखिमका लागि कार्यालयले विपद व्यवस्थापन कोषको स्थापना तथा विपद व्यवस्थापन सामाग्रीको खरिद मार्फत विपद पूर्वतयारी समेत कार्ययोजना बनाई कार्यगरिरहेको भएतापनि भौगोलिक वनावटका कारण वातावर ण सरसफाई तथा विपद व्यवस्थापन केही हदसम्म चुनौतिपूर्ण भएको स्वीकार गर्न सकिन्छ ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह :**

हाल गाउँपालिकाका ७ वटा वडा वाटै सेवा प्रवाह भईरहको छ । यसलाई थप व्यवस्थित गर्न तीनवटा वडा ३, ५, ७ को वडा कार्यालयको भवनको निर्माण प्रकृया अघि बढिसकेको छ । त्यसैगरी प्रत्येक वडाकार्यालाई प्रविधि मैत्री बनाउन मेसिनरी सामाग्री उपलब्ध गराईएको छ। प्रत्येक वडा कार्यालयमा सचिवस्तरीय कर्मचारी पठाईएको छ । यदपि आवश्यक कर्मचारी पूर्ति नहुनु, गाउँपालिका केन्द्रमा कर्मचारी तथा संरचना निर्माण हुन नसक्नु र सबै संस्थागत संरचनाभित्र आवश्यक सबै प्रविधि तथा उपकरणको अझै अभाव खड्किरहेको अवस्था छ ।

**च. वित्तिय व्यवस्थापन र सुशासन :**

गाउँपालिकाले सबै प्रकारका वित्तिय अनुशासन कायम हुने कार्य, समयमा नै वित्तिय प्रतिवेदन पेश गर्ने कार्य गर्दै आएको र यसलाई अझ व्यवस्थित तथा प्रभावकारी वनाउनु पर्दछ ।

**आदरणीय अध्यक्षतथा सदस्यज्यूहरू,**

यस गाउँपालिकाको आ.व. २०७५/२०७६ को नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु । नीति, वजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस गाउँपालिकाको दिर्घकालिन सोंच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धिको बारेमा संक्षिप्त प्रस्तुति गर्दछु ।

**दिर्घकालिन सोंच (Vision) :**

सहिदभूमि गाउँपालिकाको समृद्धिको आधार : उन्नत कृषि, उत्पादनशिल रोजगारी, पर्यटन र सामाजिक विकास सहितको शासकीय सुधार मार्फत समुदायको स्थानीय सरकाप्रतिको पहुँच र अपनत्व वृद्धि गर्नु ।

**लक्ष्य (Goal):**

आगामी ५ वर्ष भित्र पर्याप्त ग्रामिण पूर्वाधार विकास, जैविक कृषि उत्पादन र कृषि बजारको विकास, शैक्षिक गुणस्तर वृद्धि, पर्यटन क्षेत्रको गुणात्मक परिवर्तन, वित्तिय व्यवस्थापन, स्वरोजगारमुलक उद्योग र व्यवसाय मार्फत रोजगारीको प्रत्याभूति र यूवा प्रतिभाको प्रवर्द्धन एवं सामाजिक सांस्कृतिक जागरण आदि मार्फत गाउँबासीहरुको जिवनस्तरमा वृद्धि गरी हरेक क्षेत्रमा धनकुटा जिल्लाकै नमुना गाउँ को रुपमा स्थापित गराउनु ।

उद्देश्य (**Objective**):

- कृषि व्यवसाय, साँस्कृतिक, धामिक र कृषि पर्यटन र गाउँ शहर विकासलाई सहयोग पुग्ने गरी लिंकरोड निर्माण गर्ने ।
- खाद्यान्य एवं नगदे बालीमा आत्मनिर्भर बनाउने ।
- छिन्तांगदेवी मन्दिर, सहिदपार्क, घुमाउने डांडा, त्रिवेणी क्षेत्र आदि लगायतका पर्यटन क्षेत्रको विकास गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय पर्यटकको गन्तव्य क्षेत्र बनाउने ।
- सबै वडा कार्यालयहरूलाई बाह्रै महिना यातायात चल्न सक्ने गरी सडक संजालले जोड्ने ।
- गाउँपालिका र सबै वडा कार्यालय भवन संरचना व्यवस्थापन गरिसक्ने ।
- एक स्थानीय तह एक पहिचानको ट्रेड मार्कको रुपमा सुन्तला उत्पादन र बजारीकरण तथा छिन्तांगदेवी पर्यटनलाई प्राथमिकतामा राखी कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिका क्षेत्रमा उच्च शिक्षा प्रदान गर्ने एक प्राविधिक शिक्षालयको स्थापनामा जोड दिने ।
- गाउँपालिकामा रहेका पूर्वाधारयक्त स्वास्थ्य केन्द्रहरूलाई स्तरोन्ती गरी एक सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्ने र अन्य स्वास्थ्य संस्थालाई प्राविधिक क्षमतायुक्त बनाउदै लैजाने ।
- गाउँ भित्र सञ्चालित विद्यालयहरूमा गुणस्तरीय शिक्षा तथा अंगेजी माध्यमलाई प्रश्रय दिई एक विद्यालयलाई उच्च शिक्षाको लागि पूर्वाधार विकास गर्ने ।
- सवैलाई स्वच्छ पिउने पानी पुऱ्याउने अबधारणा अनुरुप सबै वडा टोलवस्तीमा खानेपानीको उपलब्धतालाई सहज गराउने ।
- सहिदभूमिलाई पूर्ण सरसफाई युक्त गाउँ, बालमैत्री र बातावरण मैत्री गाउँको रुपमा रुपान्तरण गर्ने ।
- खेलकुद र शारीरिक स्वास्थ्यका लागि खेलकुदको विकास तथा राष्ट्रियस्तरका खेलकुद कार्यक्रमलाई गाउँस्तरमा संचालन गर्ने खेलमैदानको स्तरोन्नती र विकास गर्ने ।
- गाउँपालिकाको संस्थागत पूर्वाधार र संरचनागत पूर्वाधारलाई प्रविधी मैत्री बनाउदै लैजाने ।

अपेक्षित उपलब्धि:

- कृषि र पर्यटनको विकासका कारण रोजगारीको अवसरमा वृद्धि हुनेछ ।
- आधारभूत स्वास्थ्य सुविधामा नागरिकको पहुँच वृद्धि भएको हुनेछ ।
- शैक्षिक क्षेत्रहरुमा गुणस्तरीय शिक्षाको प्रवर्द्धन हुनेछ ।
- लक्षित क्षेत्रहरुको सामाजिक विकासमा प्रगति हुनेछ ।
- भौतिक पूर्वाधारको विकासबाट यातायातको सुविधामा वृद्धि भई नागरिकको जिवनस्तर सहज बन्नेछ ।
- पर्यटकीय गाउँको रुपमा रुपान्तरीत हुनेछ ।
- आगामी पाँच वर्ष भित्रमा गाउँबासीको प्रतिव्यक्ति औषत आम्दानी उच्च वन्नेछ ।
- वालमैत्री र पूर्ण सरसफाईयुक्त गाउँ हुनेछ ।
- आर्थिक र मानवीय गरीबीको न्यूनीकरण हुदै जानेछ ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब प्रस्तावित आय व्ययको विवरण र यस गाउँपालिकाले लिने विषयगत क्षेत्रको नीतिका बारेमा प्रस्तुत गर्दछु ।

१. नेपाल सरकारवाट यस गाउँपालिकामा आ.व.०७५/०७६ को लागि वित्तिय समानीकरण अन्तर्गत ७ करोड २६ लाख ८४ हजार, प्रदेश सरकार मार्फत २३ लाख, आन्तरिक श्रोतको ६९ लाखको अनुमान तथा सशर्त अनुदान तर्फ नेपाल सरकारबाट प्राप्त भएको ११ करोड ६४ लाख र प्रदेश सरकारबाट प्राप्त रु १ करोड र राजश्व बांडफाड मार्फत ५ करोड २० लाख २२ हजार अनुमानत प्राप्त भएको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । साथै सामाजिक सुरक्षा तर्फ ३ करोड ९० लाख प्राप्त हुने अनुमान गरिएको समेत जानकारी गराउन चाहान्छु ।

२. सशर्त अनुदान स्वरुप प्राप्त रकमबाट सञ्चालन गरिने कार्यक्रमहरू तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरूको लागि निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरूलाई स्वीकृत गरिएको छ ।

३. समावेसी विकासका माध्यमद्धारा समुदायको विकास गर्दै तत् तत् क्षेत्रमा क्षमता विकास गर्ने सामान्य सिद्धान्त अनुरुप विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक सम्भ्ती वजेट विनियोजन गरिएको छ ।

४. यस गाउँपालिकाको एकिकृत गाउँ विकास योजना तर्जुमा गर्न तथा विभिन्न क्षेत्रको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न वजेट विनियोजन गरिएको छ । उक्त दस्तावेजले भौतिक पूर्वाधार विकास आर्थिक विकास, कृषि विकास, पर्यटन विकास र वातावरण तथा विपद् व्यवस्थापन योजना लगायत विभिन्न विषय क्षेत्रमा बजेट विनियोजन गरी कार्यान्वयन गर्न सहज हुने योजना दस्तावेज तयार गरिएको छ। उल्लेखि बजेट तथा कार्यक्रमले सहिदभूमिको समग्र विकासलाई अगाडि बढाउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा गरिएको छ ।

५. वातावरणमैत्री विकासलाई टेवा पुऱ्याउन सामुदायिक बन व्यवस्थापन, फोहोरमैला व्यस्थापन, ल्याण्डफिल्ड व्यवस्थापनमा रकमको विनियोजन गरीएको छ । त्यस्तै गरी बाल मैत्री स्थानीय शासन र प्रविधिमैत्री स्थानीय शासनलाई टेवा पुऱ्याउने विविध कार्यक्रमहरूको लागि वजेट विनियोजन गरिएको छ ।

**आदरणीय अध्यक्षतथा गाउँसभा सदस्यज्यूहरू,**

अब म यस गाउँपालिकाले आगामी दिनमा विभिन्न विषयगत क्षेत्रको विकासमा अबलम्बन गर्ने नीतिका बारेमा प्रस्तुत गर्दछु ।

**क) पूर्वाधार एवम शहरी विकास सम्बन्धी नीतिः**

१ सहिदभूमि गाउंपालिकालाई नमुना गाउंको रूपमा विकास गर्न एकिकृत गाउंविकास गुरूयोजना र पर्यटकीय विकास गुरूयोजनालाई पहिलो प्राथमकितामा राखि कार्य अघि बढाईनेछ ।

२. सांस्कृतिक आर्थिक रूपान्तरणको आधार : सुलभ यातायातको पूर्वाधार भन्ने नारालाई निरन्तरता दिदै गाउंपालिका भित्रका मुख्य सडकलाई गौरवको सडकको रूपमा लिई स्तरोन्ती गर्दै जाने र नयां विस्तारीत सडकहरुलाई ग्राभेल सडक को बाह्रै महिना यातायात चल्न सक्ने गरी निमार्ण गर्दै लैजान नगद लागत सहभागितालाई प्रमुख प्राथमिकता दिने नीति अबलम्बन गरिने छ ।

३. **"हाम्रो गाउंको पर्यटन हाम्रै गाउंको समृद्धि र पहिचानको साधन"** भन्ने नारालाई निरन्तरता दिदै धार्मिक एवम पर्यटकिय क्षेत्रहरु विकास र विस्तार गर्दै व्यापक प्रचार प्रसार गरी आन्तरीक एवम् बाह्य पर्यटकको आकर्षण केन्द्रको रूपमा विकास गर्ने नीति अबलम्बन गरिनेछ । जसका लागि सार्वजनिक नीजि साभ्फेदारीको अवधारणालाई अंगिकार गरिनेछ ।

४. गाउंका मुख्य सडक चौकहरुमा बस विसौनीको व्यवस्थापन गर्दै उक्त स्थानमा गाउंपालिका क्षेत्र भित्र भएका धार्मिक, ऐतिहासिक पर्यटकीय क्षेत्रका चित्र र संकेत अकित Flex Board हरू जडान गरिनेछ । सहिदभूमिको पहिचान दिलाउने स्वागत

द्वार तिनकुने भज्याङ (गुठीटार जाने सडक मोड) मा निर्माण कार्यको थालनी गरिनेछ ।

५. घरनक्सा पास प्रक्रियालाईं २०७५ श्रावण १ देखि भवन निर्माण मापदण्ड अनुरूप लागू गरी सबै प्रकारका भवनहरूलाई नक्सा पास अभिलेखिकरण तथा नयां नक्सा निर्माण अभियानमा भित्र सामेल गराईनेछ ।

६. गाउंपालिकाका मुख्य बजार तथा बजार उन्मुख चौकहरूमा सुरक्षा तथा उर्जा प्रवाहलाई ध्यान दिई सौर्य सडक बत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

७. गाउंपालिका क्षेत्रको व्यवस्थित, दिर्घकालिन एबम वातावरणमैत्री दीगो विकासका लागि *भू उपयोग गुरू योजना* तर्जुमा गरी आवास क्षेत्र, सार्वजनिक क्षेत्र, खुला एवं हरीयाली क्षेत्र, सार्वजनिक पार्क, वन, कृषि एवं सुरक्षित क्षेत्रको पहिचान गरी एकीकृत गाउं विकास योजनाले निर्देश गरे बमोजिमका व्यवस्थित गाउं निमार्ण गर्ने नीति अबलम्बन गरिने छ ।

८ गाउं क्षेत्रका मुख्य तथा शाखा सडकहरुमा नेपाल सरकार तथा गाउंपालिकाले तोकेको मापदण्ड भित्रको सडक क्षेत्रमा हुने व्यापार र सडक अतिक्रमणलाई अन्त्य गर्ने नीति कडाईका साथ कार्यान्वयन गरिने छ । गाउं क्षेत्रका मासु पसलहरूलाई व्यवस्थित गर्ने कार्यमा पशु बधशाला क्षेत्र निर्माण अघि बढाईनेछ ।

९. गाउंपालिकाले तयार गरेको गाउं यातायात गुरू योजनाका आधारमा सडकहरुको क्षेत्राधिकार तथा सडकको चौडाईलाई जुनसुकै स्थानमा सडक विस्तार गर्दा न्यून्तम ६ मीटर कायम राखी सडक निर्माण गरिने छ ।

१०. गाउंपालिकाभित्र जग्गा प्लानिङ गर्दा योजना स्वीकृत गराउनु पर्नेछ । गाउंपालिकाबाट स्वीकृत भएको जग्गा प्लानिङ योजनाको आधारमा मात्र जग्गा प्लानिंग अनुमति तथा सम्बन्धित निकायहरुमा आवश्यक सिफारिस उपलब्ध गराईने छ ।

११. गाउंपालिका क्षेत्रमा संचालन हुने आयोजना र सो आयोजना संचालन गर्ने उपभोक्ता समिति/गरिने व्यवसायीको सम्पूर्ण विवरण खुल्ने गरी आयोजना स्थल मै होडिङ बोर्ड राख्ने व्यवस्थालाई कडाइका साथ लागू गरिने छ ।

१२. समाबेशी र समन्वयीक विकासको अवधारणा अनुरूप ७ वटै वडाहरुको समान र समानान्तर विकास गर्ने नीतिलाई प्राथमिकता साथ अगाढी बढाईने छ । प्रत्येक वडामा गौरवका योजना, उद्यान, पार्क आदि व्यवस्थित गरिने नीतिलाई अबलम्बन गरिने छ ।

**ख) शिक्षा तथा खेलकुद सम्बन्धी नीति:**

१. गाउं क्षेत्रको गुणस्तरीय, बैज्ञानीक, शिपमूलक, रोजगारमूलक, शिक्षा प्रवर्द्धन गर्नका लागि आवश्यक गाउं शिक्षा ऐनको कार्यान्वयन गर्ने । प्राविधिक शिक्षा प्रवर्द्धनमा विशेष जोड दिईने छ साथै अनौपचारीक शिक्षालाई विद्यालय शिक्षासाग आबद्ध गरी आगामी ४ बर्ष भित्र गाउंलाई पूर्ण साक्षर गाउा घोषणा गरिने छ ।

२. गाउंपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि जग्गा प्राप्ति प्रकृया अघि बढाईनेछ । निशुल्क उपयुक्त स्थानमा जग्गा प्राप्ती पछि बहुउपयोगि खेलकुद विकास कार्य अघि बढाईनेछ । साथै साविकका छिन्तांग क्षेत्र, खोकु क्षेत्र र आखिसल्ला क्षेत्रभित्र कम्तिमा एक/एक वटा खेल मैदान निर्माण गर्ने नीतिलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ ।

३. गाउंपालिकाका सबै माध्यमिक विद्यालयमा विद्युतीय हाजिरी, प्राविधि मैत्री साधन उपलब्ध गराउने क्रमिक रूपमा अघि बढाईने छ ।

४. अति विपन्न, सिमान्तकृत परिवारका दुर्घटनामा परी अभिभावक गुमाएका, बेपत्ता तथा सहीद परिवारका बालबालिकाहरुलाई विद्यालय पठाउनका लागि पोशाक, खाजा र पाठ्य सामाग्रिको व्यवस्था मिलाईने छ ।

५. सार्वजनिक विद्यालयहरुको स्तर बृद्धि गर्नका लागि पहिलो चरणमा नमूनाका रूपमा केही सरकारी विद्यालयमा आधारभुत तह देखी अग्रेजी माध्यमबाट पठन पाठन गर्ने व्यवस्था मिलाईने छ ।

६. गाउंपालिका क्षेत्रमा रहेको आधारभूत तहका विद्यालयहरुमा चालू आ.व. भित्रै विद्युत खानेपानी र संरचनाहरूको व्यवस्थापनमा पहल गरिनेछ ।

७. दलित बालबालिकालाई दिईने भत्ता लिन आउादा नीजका अभिभावकहरुले विद्यालय जाने उमेर भएका आफ्ना अघिल्ला सन्तान/सन्तानहरु पठनपाठन गरीरहेको सिफारीस विद्यालयबाट ल्याउनु पर्नेछ भने विद्यालय जाने उमेर नभएका तर पुर्व प्राथमिक विद्यालयमा भर्ना हुने उमेर पुगेका बालबालिकाहरु पायक पर्ने बालविकास केन्द्रमा भर्ना भएको हुनु पर्ने छ ।

८. सामुदायिक तथा संस्थागत विद्यालयहरु वीच अनुभव आदान प्रदान र अन्तरक्रियाका माध्यमबाट शिक्षण सिकाईको अनुभवन आदान प्रदान गर्ने नीति अबलम्बन गरिने छ ।

९. गाउंको शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्दै शिक्षण सिकाईको प्रभावकारीता साथै साक्षर गाउं अभियानका लागि गाउं शिक्षा गुरू योजना तयार गरी कार्यान्वियनमा ल्याईने छ ।

१०. गाउं भित्र रहेको सामूदायिक र संस्थागत विद्यालयहरुको सहभागितामा बार्षिक रूपमा हाजिरी जवाफ, वक्तित्वकला, गायन प्रतियोगिता लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गर्ने कार्यक्रम संचालन गरिने छ ।

११. गाउं क्षेत्र भित्र रहेको विद्यालय मध्ये कम्तीमा १ वडा १ विद्यालयलाई वालमैत्री विद्यालयको रूपमा विकास गर्दै लैजाने नीति अबलम्बन गरिने छ ।

**ग. स्वास्थ्य तथा सरसफाई सम्बन्धी नीति:**

१. गाउंपालिका क्षेत्रको फोहोरलाई व्यबस्थित बनाउन फोहोरमैला व्यवस्थापन गर्ने ल्याण्डफिल्ड साईडका लागि जग्गा प्राप्ति प्रकृया अघि बढाईनेछ । फोहोमैला व्यवस्थापन औजार तथा जनशक्ति मार्फत मुख्य बजारहरूमा साप्ताहिक सरसफाई अभियानलाई जोड दिईनेछ ।

२. थलथले स्वास्थ्य चौकीमा संचालित ल्याबको गुणस्तर, क्षमता अझै वृद्धि गर्दै स्थानीय समुदायको स्वास्थ्य परीक्षणलाई अझ प्रभावकारी बनाउने कार्यक्रम समावेश गरिनेछ ।

३. गाउंपालिका क्षेत्रमा कम्तिमा एक सुविधा सम्पन्न अस्पताल निमार्ण गर्न जग्गा खोजी गरी संघीय सरकार, प्रदेश सरकार मार्फत पहल गरिने छ ।

४. यस गाउंपालिकालाई पुर्ण सरसफाई युक्त, पूर्ण खोप सुनिश्चित बालमैत्री, वातावरण मैत्री, लैगिक मैत्री, अपांग मैत्री बनाउदै दिगो मानव बसोवासका लागि हुनु पर्ने न्यूनतम मापदण्ड भएको गाउं निमार्ण गर्ने अभियानलाई प्राथमिकताका साथ अगाडि बढाउने छ ।

५. गाउं क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुको खोजि, संरक्षण र दिगो उपयोगका लागि प्रचलित कानून बमोजिम वातावरण मैत्री रोजगारीमूलक उद्योग/प्रतिष्ठान स्थापना गर्न करारमा लिन/दिन प्रबन्ध गरिने छ ।

६. गाउंपालिकाले आवश्यकताको आधारमा लामखुट्टे, झिंगा नियन्त्रणको लागि वडाको सहकार्यमा औषधि छर्कने प्रवन्ध गरिने छ ।
७. विपन्न तथा गरीब क्यान्सर, मुटु रोगी, मृगौला खराब भएको बिरामीलाई गाउंबाट अस्पताल सम्मको यातायात खर्च बापत प्रति बिरामी रू ५०००। (अक्षरेपी पांच हजार) एक पटकका लागि उपलब्ध गराईने छ ।
८. जनस्वास्थ्य प्रवर्द्धन शाखाको सिफारीसमा सम्भाव्य स्वास्थ्य प्रकोपको क्षेत्र र रोग पहिचान गरी न्यूनीकरणका लागि औषधि एवं जनशक्ति व्यवस्थापन गरिने छ ।
९. गाउंक्षेत्रमा गाउं स्वास्थ्य क्लिनिकहरुलाई विस्तार गरी स्वास्थ्य पहुच नभएका क्षेत्रमा स्थापना गर्ने कार्यलाई यसै आव देखि शुरू गरिनेछ ।

**घ) कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी नीति:**

१. गाउंपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राही मैत्री बनाउदै लगिने छ । जसका लागि जनशक्तिलाई क्षमता विकास तालिम, अनुभव आदान प्रदानका लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई अवलोकन भ्रमण गराईने छ ।
२. कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम प्रदान गरिने छ । प्रचलित कानून बमोजिम कार्य सम्पादनमा आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिने छ ।
३. गाउंपालिकाले सेवा करार सेवा लिएका जनशक्तिलाई निरन्तरता दिनेछ ।
४. जनप्रतिनिधी र गाउंपालिकामा कार्यरत कर्मचारीहरुको सामूहीक दुर्घटना वीमा गर्ने व्यवस्था मिलाईने छ ।
५. प्रत्येक आ.व. भित्र गाउंपालिकाको उत्कृष्ट कर्मचारी छनौट गरी पुरस्कृत गर्ने नीति अबलम्बन गरिने छ ।
६. गाउपालिका हरेक गतिविधीलाई सार्वजनिक गर्न ४ बर्ष भित्र प्रत्येक वडामा डिजिटल सूचना पार्टी निमार्ण र संचालन गर्दै लगिने छ ।
७. स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रबन्ध गरे बमोजिम अवकास कोषको कार्यान्वयन गरिनेछ भने कल्याणकोषको व्यवस्थालाई पनि जिवन्त राखिनेछ ।
८. यस गाउापालिका अर्न्तगत सामाजिक सुरक्षा भत्ता/वृत्ति पाउने नागरिकहरुको नाम दर्ता गर्ने, नविकरण गर्ने, लगत कट्टा गर्ने लगायतका कार्य वडा कार्यालयबाटै हुने प्रबन्ध गरिने छ ।

**ङ) बित्तिय व्यवस्थापन श्रोत परिचालन र आर्थिक विकास सम्बन्धी नीति:**

१. करका दरहरु उपर्युक्त विन्दुमा कायम गरी काराधारलाई फाराकिलो पार्दै आन्तरीक श्रोतलाई व्यवस्थापन गरिने छ । कर परिचालन क्षमताका आधारमा वडा कार्यालयहरूलाई प्रोत्साहन स्वरूप समपूरक कोष योजना संचालनमा प्राथमिकीकरण गरी बजेट उपलब्ध गराईनेछ ।
२. गाउंपालिका भित्र रहेका करका श्रोतहरू : हाटबजार कर, प्राकृतिक श्रोत साधन उपयोग शुल्क, मनोरन्जन शुल्क(त्रिवेणी बोटिंग), पर्यटन क्षेत्र प्रवेश शुल्कलाई व्यवस्थापन गरी करको दायरा र संकलनमा वृद्धि गर्न पहल गरिनेछ ।
३. गाउंपालिका भित्र कृषिको पकेट क्षेत्र तोकी व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गरिने छ । व्यवसायिक कृषि खेतिलाई प्रोत्साहन गर्न हरेक बर्ष उत्कृष्ट तीन कृषकहरुको पहिचान गरी तोके बमोजिम पुरस्कार दिईने व्यवस्था गरीएको छ ।

४. सहिदभूमि गाउंपालिकाको व्यवसायिक आर्गेनिक खेती गर्ने कृषकहरुलाई गाउंपालिकाले तालिम दिने, बिउ बिजन उपलब्ध गराउने साथै प्राविधिक परामर्शका लागि सहयोगी भूमिका निर्वाह गर्नुका साथै बजार व्यवस्थापनमा लागि निशुल्क पहल गर्ने छ ।
५. कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भण्डार (**COLD STORE**) निर्माण गर्न आवश्यक पहल गरिने छ । जसका लागि सरोकारवाला निकायहरुसाग सहकार्य गरी काम अगाडि बढाईने छ ।
६. किसानहरुको लागि विउ, बिजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरुको समय मै उपलब्ध हुने वातावरण मिलाउंदै कृषि विमा, पशु वीमा र बाली विविधिकरण कार्यक्रम समेत संचालन गर्न आवश्यक पहल गरिने छ ।
७. गाउं क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुर्‍याउनका लागि सिचाई पूर्वाधारको लागि समपुरक कोष मार्फत साझेदारीमा बजेट उपलब्ध गराईनेछ ।

**च) भूमी तथा भूमीहीन व्यवस्थापन सम्वन्धी नीति:**

१. नेपाल राज्यभर आफ्नो वा आफ्नो परीवारको नाममा भुस्वामित्व भएको तर अन्य व्यक्ति, संघसंस्था वा निकायको स्वामित्वमा रहेको जग्गामा भौतिक संरचना बनाई वा नवनाई अतिक्रमण गरी बसोवास गरेकाहरुका सम्बन्धमा कुनै निवेदन, उजुरी र जानकारी प्राप्त हुन आएमा नीजलाई गाउंपालिकाबाट प्रदान हुने सबै प्रकारका सार्वजनिक सेवामा रोक लगाई प्रचलित कानून बमोजिम गरिने छ ।
२. नेपाल राज्यभर कहि कतै जग्गा नभएका भूमिहिनलाई पहिचान कार्ड बितरण गरी न्यून्तम बसोबास क्षेत्र व्यवस्थापन गर्न एक उच्च स्तरीय समिति गठन गरिनेछ ।
३. अर्को व्यवस्था नभएसम्म सार्वजनिक जग्गामा कुनै पनि प्रकारको संरचना निर्माणका निमित्त रोक लगाउने कामको नेतृत्व वडा समितिले गर्ने नीति लिईनेछ ।

**छ) कृषि तथा भू उपयोग सम्बन्धी नीति:**

१. कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन गाउं क्षेत्र भित्र रहेका बैंक तथा बित्तियसंस्थाहरुसाग आवश्यक पहल र समन्वय गरिने छ । बैदेशिक रोजगारबाट फर्किएका युवायुवतीहरुलाई क्षमता र प्रमाणपत्रका आधारमा रोजगारमूलक कृषि खेतिका लागि विशेष व्यवस्था मिलाईने छ । निजहरुलाई आवश्यकता अनुसार अनुदानको व्यवस्था समेत मिलाईने छ ।
३. कृषि तथा पशुजन्य बस्तुहरुको संकलन र विक्रीका लागि गाउंपालिकाका विभिन्न क्षेत्रहरुमा कृषि बजार केन्द्र तथा सब्जि मण्डिहरुको थोक केन्द्र स्थापना गर्ने नीति अबलम्बन गरिने छ ।
४. २० रोपनी वा सो भन्दा माथि क्षेत्रफलमा व्यवसायिक कृषि खेति गर्ने कृषकहरुको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउंपालिकाले सहजकर्ताको भूमीका निर्वाह गर्ने नीति अवलम्बन गरिने छ ।
५. खोकु, छिन्तांग सुन्तला पकेट क्षेत्रलाई विशेष प्राविधिक तथा बजार सुविधा उपलब्ध गराउन सहकार्यमुलक अनुदान कार्यक्रम संचालन गरिनेछ ।
६. अर्गानिक करेसावारी, फलफूल, बनस्पती उत्पादन गर्न गाउंवासीलाई प्रोत्साहन गर्दै मानव स्वास्थ्य अनूकुल कृषि प्रणालीलाई प्रवर्द्धन गर्ने नीति अबलम्बन गरिनेछ । जसका लागि गाउंपालिकाले आवश्यक अनुदानको व्यवस्था मिलाउनेछ ।

७. कृषि जन्य उत्पादकत्वलाई सुरक्षित र व्यवस्थित बनाई मुल्य वृद्धि मार्फत किसानलाई राहत पुर्‍याउनका लागि जुस उत्पादन केन्द्र तथा कोल्ड स्टोर निर्माण गर्न आवश्यक पहल गरिने छ ।
८. पशु चौपायाहरुको नश्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

**ज) सामाजिक विकास सम्बन्धी नीति:**

१. लैंङ्गिक हिंसा न्यूनिकरणका लागि सरोकारवालाहरुको सहकार्यमा आवश्यक कार्यक्रम संचालन गर्दै लगिने छ । सो कार्यका लागि वडा कार्यालयहरुलाई परिचालन गरिनेछ । बाल बिवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, गांजाखेति जस्ता कुरीतिहरुलाई अन्त्य गर्नका लागि पहल गरिने छ ।
२. शहीदभूमि भित्रका सहिद परीवारलाई आयमूलक कार्यमा सहभागिता गराउने नीति अबलम्बन गरी निजहरुको आर्थिक सामाजिक जीवनलाई सहज बनाउनका लागि विशेष कार्यक्रम संचालन गरिने छ ।
३. गाउंपालिकाले एकल महिलाहरुको संरक्षण र सुरक्षाका लागि उनीहरूलाई आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नेछ ।
४. महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष आर्थिक सुविधा व्यवस्था गरिनेछ । महिला स्यवंसेविकाको अवकासमा प्रत्येक स्वयंसेविकालाई एकमुष्ट रूपमा रू. २००००। सुविधा उपलब्ध गराईनेछ ।
६. नेपाल सरकारबाट संचालित प्राथमिक शिक्षा भर्नादरलाई कडाईका साथ कार्यान्वयन गर्न अभियान चलाईनेछ ।
७. महिलाले आफ्नो नाममा गाउंपालिकामा प्रचलित कानून बमोजिम दर्ता गर्ने उद्योग व्यापार, व्यवसायहरुको दर्तामा २० प्रतिशत छुट दिईनेछ ।
८. **"सुसंस्कार हाम्रो पहिचान, वृद्ध वृद्धालाई सम्मान"** भन्ने नीतिलाई अवलम्बन गरिने छ । जसका लागि जेष्ठ नागरिकहरुका निशुल्क उपचार शिविर, दिवासेवा केन्द्र, अनुभवन आदान प्रदान र सम्मान कार्यक्रमलाई वढावा दिईनेछ ।
९. यस गाउंभित्र अपांगता भएका नागरिकहरुको लगत तयार गरिने छ ।
१०. पूर्ण अपांगता भएका नागरिकहरुलाई निजले पाउने सामाजिक सुरक्षा भत्ता जनप्रतिनिधिद्धारा निजहरुकै घरमा पुर्याईने छ ।
११. पुर्ण अपांगता भएका नागरिकहरुलाई गाउंपालिकाले जुनसुकै प्रकारका सिफारीस गर्दा निशुल्क रूपमा गरिदिने छ ।
. गाउपालिकाबाट प्रवाह हुने सेवामा अपांगता तथा जेष्ठ नागरिकहरुलाई पहिलो प्राथमिकता दिईनेछ ।
१२. दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ
१३. आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिनेछ ।
१४. गाउंपालिकाले सम्बन्धित आदिवासी जनजातीका जातीय संस्था र सरोकारवालाको सहकार्यमा जातीय संग्राहलय स्थापना र सांस्कृतिक पहिचान कार्यक्रम संचालन गर्नेछ

१५. आफ्नो मातृभाषामा शिक्षा दिन चाहने समुदायलाई गाउपालिकाले सहयोग गर्ने नीति अवलम्बन गरेको छ ।
१६. यस गाउलाई बालमैत्री गाउंको रूपमा घोषणा गर्नको लागि कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।
१७. यौनीक तथा लैंगीक रूपमा अल्पसंख्यक समुदायको हकहितका संरक्षण र संरक्षणको लागि विशेष व्यवस्था गरिने छ ।
१८. विपन्न खस आर्य समुदायलाई मूलप्रवाहमा ल्याउनको निमित्त विशेष व्यवस्था गरिने छ ।
१९. टोल विकास संस्थाको दर्ता, सञ्चालन र नविकरण प्रकृया एवं काम, कर्तव्य र अधिकारका लागि टोल विकास संस्था संचालन कार्यविधि, २०७५ स्वीकृत गरी विकास निर्माणको सहयात्रीको रूपमा क्रियाशिल गरिनेछ ।

**ज) विपद् व्यवस्थापन नीति:**

१. विपद् पूर्व तयारी योजना र समिति मार्फत स्थानीय आपतकालीन केन्द्र सञ्चालन गर्न सामाग्री व्यवस्थापन लगायत पहल गरिने छ ।
२. भिरपाखा, पहिरो जोखिम क्षेत्र, खोलाको किनारमा बसिरहेका नागरिकहरुलाई अन्यत्र व्यवस्था गरी विपद् जोखिममूक्त बनाउन सम्बन्धित समुदायसाग सहकार्य गरी नेपाल सरकार र प्रदेश सरकारसाग साझेदारी गरिने छ ।
३. आगलागी र डढेलो नियन्त्रणका लागि स्थानीय समुदाय र सामुदायिक वन व्यवस्थापन समितिलाई चेतना अभिवृद्धि अभिमुखीकरण गराईने छ ।
४. यस गाउंक्षेत्रमा गरिने हुने जुनसुकै प्रकारका सार्वजनिक एवं नीजि संरचना भुकम्प प्रतिरोधी हुने गरी मात्र बनाईने वा बनाउन अनुमति दिईनेछ ।
५. विपद् प्रतिकार्य योजनाका लागि नेपाल प्रहरी, सशत्र प्रहरी समेतको सहकार्यमा विपद् प्रतिकार्य टिमहरुको गरिने गरिने छ ।
६. गाउपालिका क्षेत्रलाई भुकम्प जस्ता प्राकृतिक/दैवी प्रकोपको क्षति न्यूनिकरण गर्न भुकम्प प्रतिरोधी भवन निर्माण गरिने तालिम आवश्यकताका आधारमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

**झ) वातावरण सम्बन्धी नीति:**

१. यस गाउंलाई वातावरणमैत्री गाउं बनाउन विशेष कृयाकलापहरु संचालन गरिने छ ।
२ जलाधार क्षेत्र, तथा पानीका मुहान/स्रोतलाई संरक्षण गरिनेछ ।
३. जलवायु अनुकुलन खेती प्रणालीको विकासका लागि प्राविधिक सहयोग र सहजिकरण गरिने छ ।
४. सार्वजनिक स्थलहरुमा जैविक विविधता संरक्षण हुने र पानीको आवश्यक्ता पुरा हुने गरी पोखरीहरुको निर्माणमा समपूरक कोष मार्फत कार्य गरिनेछ ।
५. कृषिबालिमा किटनासक औषधिको प्रयोगलाई नियन्त्रण र व्यवस्थापन गर्दै जैविक प्रविधिको विकासका लागि विशेष पहल गरिने छ ।
६. नीजि वन लगाउनका निमित्त प्रोत्साहन गरिने छ ।
७. प्रांगारीक कृषि प्रणालीलाई प्रबर्द्धन गर्ने नीति अवलम्बन गरिने छ ।

**ञ) विविध:**

१. **गाउंवासीका गुनासाहरु गाउं प्रमुख /उप प्रमुखसंगै** भन्ने सिद्धान्तलाई अबलम्बन गरी हरेक महिनाको १ दिन १ वडालाई समय र मिति निर्धारण गरी गुनासहरु सुन्ने नीतिलाई कार्यान्वयनमा ल्याईने छ ।

२. गाउंपालिका क्षेत्र भित्र भएका दाह संस्कार घाट तथा दु :ख बगाउने क्षेत्रहरूको स्तरोन्नती र विकास गर्दै लाने नीति अबलम्बन गरिनेछ । जसका लागि स्थानीय गाउावासी, नीजि क्षेत्रको सहकार्यमा निर्माण र व्यवस्थापन गर्दै लगिने छ ।

३. गाउंको सुरक्षा र हाटबजार व्यवस्थापनका लागि प्रचलित कानून बमोजिम नगर/गाउं प्रहरीको विस्तार गर्ने नीति लिईनेछ ।

४ गाउं क्षेत्रमा कृयाशिल गैह्र सरकारी संस्थाहरुले गाउा क्षेत्रमा कार्यक्रम तथा परियोजनाहरु संचालन गर्दा नेपाल सरकारको घोषित नीति बमोजिम गाउापालिकाबाट स्वीकृति प्राप्त गरे पश्चात मात्र कार्यक्रम तथा परियोजना संचालन गर्न दिने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ

७. **भौगोलिक सूचना प्रणाली (GIS)** र **विद्युतिय घर नम्बर प्रणाली** (**DHNS**) **प्रणालीलाई** कार्यान्वयनमा ल्याईने छ ।

८. गाउं क्षेत्रमा भएका विद्युत पोलहरु तथा दुरसंचार टावर र पोललाई नम्बरीङ गर्ने कार्यको थालनी गरिने छ । साथै गाउंक्षेत्र भित्र विधुत पोलमा केवललाई, नेटलाई, ल्याण्डलाईनलाई करको दायरा मा ल्याउन वडा कार्यालय मार्फत जिम्मेवारी दिईनेछ ।

१३. **"मैले तिरेको कर, फर्केर आउंछ मेरै घर"** भन्ने नारालाई स्थापित गर्न नागरीकहरुलाई गाउंपालिकालाई तिर्नु र बुझाउनु पर्ने कर तथा राजश्व समय मै बुझाई सचेत र सभ्य नागरीक बन्न प्रोत्साहित गरिनेछ ।

**राजश्व परिचालन सम्बन्धी नीतिहरू**

१. नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको २२ वटा अधिकार क्षेत्र भित्र रही श्रोत परिचालनलाई समतामुलक, प्रगतिशिल र न्यायपूर्ण पद्धती अपनाई कर तथा राजश्व निर्धारण गरिने छ । सवै सरोकारवाला करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल वजेटमा आन्तरिक आम्दानीको अशंलाई बढाउदै लगिने छ ।

२. गाउँपालिकाले आन्तरिक राजश्व सुधार कार्ययोजना (Improvement of Internal Revenue Action Plan) तयार गरी थप राजश्वका क्षेत्रहरूको पहिचान गर्दै आगामी बर्ष देखि राजश्व अभिबृद्धि गर्ने तर्फ उन्मुख गरिने छ ।

३. एकीकृत सम्पत्ति कर/सम्पत्ती तथा भूमिकर तथा घरनक्सा निर्माण अनिवार्यतालाई यसै आ.व. देखि लागू गरी वास्तविक सम्पत्ती मुल्यांकनको आधारमा प्रगतिशिल कर प्रणाली मार्फत कर संकलनको दायरा र संकलनलाई प्रभावकारी बनाउदै लगिनेछ ।

**आदरणीय अध्यक्ष तथा गाउँसभा सदस्यज्यूहरू,**

अब म यस आर्थिक बर्षमा यस गाउँपालिकालाई प्राप्त स्रोत र सो को विनियोजनको बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।

१. आगामी आ.व. ०७५।०७६ को लागि आय निर्धारण गर्दा कुल आन्तरिक आय वाट रु ६९ लाख हुने अनुमान गरिएको छ । त्यसै गरी नेपाल सरकारबाट प्राप्त हुने वित्तिय समानिकरण अनुदानबाट ७ करोड २४ लाख ३७ हजार, सर्शत अनुदानबाट रु ११ करोड ६४ लाख, राजश्व वांडफाड बाट, ५ करोड २० लाख, सामाजिक सुरक्षा कार्यक्रमवाट ३ करोड ९० लाख, प्रदेश सरकारबाट समानीकरण रु.२३ लाख र सर्शत रु. १ करोड गरी कुल आम्दानी २६ करोड ५९ लाख ३८ हजार र खर्च तर्फ कुल चालु खर्च ३ करोड ५९ लाख र पूँजीगत खर्च रु. २२ करोड ४४ लाख ५९ हजार गरी कुल खर्च २६ करोड ५९ लाख ३८ हजार हुने अनुमान गरिएको छ ।

उल्लेखित आ.व. २०७५।०७६ को प्रस्तावित बजेट मध्ये क्षेत्रगत र शिर्षकगतरुपमा देहायनुसार रकम पूँजिगत अर्न्तगत विनियोजन गरीएको छ ।

- आर्थिक विकास : ६२ लाख १० हजार
- सामाजिक विकास : ८५ लाख ९९ हजार
- पूर्वाधार विकास : ६ करोड ३१ लाख ६० हजार
- वातावरण तथा विपद् व्यवस्थापन : ११ लाख ५० हजार
- न्यायिक तथा विधेयक समिति : ७ लाख
- सार्वजनिक सेवा तथा क्षमता विकास : ४२ लाख
- मर्मत संभार विशेष कोष : २० लाख
- कर्मचारी कल्याण कोष : १० लाख
- विपद तथा वातावरण विकास कोष : ५ लाख
- अनुदान तथा विपन्न आर्थिक सहायता कोष : ५ लाख
- फर्निचर तथा फिक्चर्स : १० लाख
- सवारी साधन खरिद : ६० लाख
- पूँजिगत अनुसन्धान तथा परामर्श : ४३ लाख
- भैपरी आउने तथा आकस्मिक कोष : ३ लाख
- अन्य फिर्ता खर्च : १ लाख
- समपुरक कोष : १ करोड ४ लाख

- वडास्तरिय योजना तथा कार्यक्रम : १ करोड ६८ लाख

**आदरणीय अध्यक्षतथा गाउँसभा सदस्यज्यूहरू,**

योजना तथा कार्यक्रम तर्जुमाका साथै त्यसको सफल कार्यान्वयन गर्नु पर्दछ । योजनाको कार्यान्वयन गर्दा त्यसको निर्दिष्ट विधि भित्र बाँधिएर गुणस्तर कायम गर्ने तथा समयमा नै सम्पन्न गर्नु चुनौतिको विषय रहेको छ । यस तर्फ आगामी दिनहरूमा गाउँसभा सदस्यज्युहरूबाट सहयोगको अपेक्षा गरिएको छ । विकासका कार्यक्रम के कति सम्पन्न भयो भन्ने अंक गणितीय मापन भन्दा पनि त्यसबाट आम नागरिकको जीवनमा हामीले के कति परिवर्तन ल्यायौं त्यो नै महत्वपूर्ण विषय हो । यस तर्फ पनि सबै सदस्यज्यूहरूले मनन गर्नु हुनेछ र भावी दिनमा प्रदेश नं १ कै नमुना गाउँ बनाउने स्थानीय सरकारको अभियानमा सबै राजनैतिक दल, नागरिक समाज, निजि क्षेत्र, पेशागत संस्थाका महानुभावहरू, शिक्षक, पत्रकार लगायत सबै गाउँबासीमा सहकार्य र हार्दिक सहयोगको अपिल गर्दछु ।

अन्तमा,

दोश्रो गाउँसभाको यस विशिष्ट अवसरमा गाउँसभाका सदस्यज्यूहरू, राजनैतिक दलका पदाधिकारीहरू, राष्ट्रसेवक कर्मचारी साथीहरू, सञ्चारकर्मी साथीहरू, विभिन्न पेशा, क्षेत्र र समुदायको प्रतिनिधित्व गर्नु हुने महिला तथा सज्जन बृन्दमा तपाईहरू मार्फत म, गाउँ अध्यक्ष र यस सहिदभूमि गाउँपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

जय सहिदभूमि

धन्यवाद !

मिति : २०७५ आषाढ

**निर्णय नं. १**

सहिदभूमि गाउँपालिकाको आर्थिक वर्ष २०७५/७६ को नीति, कार्यकम तथा बजेट तर्जुमाका लागि विभिन्न मितिमा भएको वस्तीस्तरीय भेला, वडा समिति बैठक तथा विषयगत समिति बैठक कार्यक्रम तथा गाउँकार्यपालिकाको बैठक बाट सिफारीस भएको र प्राप्त सुझावहरू समेत समेटिएको उपप्रमुखद्वारा प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा वजेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आर्थिक वर्ष २०७५/७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०७५ (अनुसुची १) र आ.व. २०७५/७६ को गाउँकार्यपालिका गाउपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त चालु खर्च, पुजीँगत खर्च र वित्तिय व्यवस्थाको रकम संचित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक २०७५ (अनुसुची २) लाई स्वीकृतीका लागि दोश्रो गाउँ सभाबाट स्वीकृत गर्ने सर्वसम्मती बाट निर्णय गरियो ।

**निर्णय नं. ३**

सवै वडा समितिको निर्णयवाट माग भई आएका यसै गाउँ सभाले अनुसूचीमा समावेश गरेका तर बजेटको प्राथमिकतामा पर्न नसकेका योजना र कार्यकमलाई गाउँपालिकाको उपलव्ध स्रोत भएमा वा अन्य विकासका साझेदार निकायहरूसँगको साझेदारी भएमा संचालन गरी कमश: वडावासीका मागलाई सम्वोधन गर्दै लाने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रदेश कै नमुना गाउँको रुपमा रहेको सहिदभूमि गाउँपालिकालाई आन्तरिक एवं बाह्य पर्यटकिय आकर्षणको रुपमा विकास गर्नका लागि घुमाउने डाँडामा भ्यू टावर र विविध गतिविधि झल्कने सांस्कृतिक संकेत, चित्र, मूर्ति स्थापना, त्रिवेणी टापुलाई होमस्टेको रुपमा विकास गर्ने, सहिदपार्कको विकासमा साझेदारी गर्ने, छिन्तांगदेवी मन्दिरको पूर्वाधार व्यवस्थापन गर्ने र खोकुलाई कृषि पर्यटनको रुपमा विकास गर्दै समग्र पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार मार्फत पर्यटन प्रवर्द्धनमा टेवा पुर्याउने निर्णय गरियो ।

**निर्णय नं. ५**

घरनक्सा पास तथा व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी वनाउन २०७५ श्रावणदेखी भवन मापदण्ड कार्यविधिका आधारमा २०७५ को आधारमा सबै प्रकारका भवनलाई नक्सा पास पकृयामा लैजाने निर्णय गरियो ।

**निर्णय नं. ६**

साविक गाउंपालिका कार्यालयको सेवा करारमा रहेका कर्मचारी, कार्यालय सहयोगि, चौकीदारहरूको दरबन्दी स्वीकृत गरी सेवा करार अवधि अर्को व्यवस्था नभए सम्मको लागि अनुमोदन सहित निरन्तरता दिने निर्णय गरियो । नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त गाउंपालिकाको दरबन्दी स्वीकृत गर्ने साथै देहायका कर्मचारीहररूको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो :

(क) ल्याब असिस्टेण्ट : खरिदार सरह : २ जना
(ख) रेडियोग्राफी : खरिदा सरह : १ जना
(ग) ब्याकहो लोडर अपरेटर : हेभी सवारी चालक : २ जना
(घ) हलुका सवारी चालक : २ जना
(ङ) नगरप्रहरी सुरक्षा चौकीदार : ८ जना ।
(च) सहायक कम्प्यूटर अपरेटर : ४ जना
(छ) अध्यक्ष तथा उपाध्यक्ष : खरिदार सरह : स्वकीय सचिव: २ जना
(ज) सरसफाई सुपरभाईजर : १ जना
(झ) सरसफाई स्वीपर : ४ जना ।

**निर्णय नं. ७**

गाउं क्षेत्रमा संचालित विकास आयोजनाहरु संचालन गर्नका लागि आवश्यक पर्ने गाउं दररेटलाई जिल्ला समन्वय समिति धनकुटाले तयार पारेको जिल्ला दररेटलाई आधार मानी अनुसूची बमोजिमको दररेट कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

गाउंपालिकावाट संचालन हुने क्षमता विकास, तालिम लगायत अन्य सामाजिक विकासका कार्यक्रमहरु संचालन तथा विभिन्न प्रकारका बैठक, सभासमारोह गर्दा अर्थ मन्त्रालयले स्वीकृत गरेको नर्म्सलाई आधार मानी गाउंपालिकाको केही नर्म्स निम्नानुसार निर्धारण गर्ने निर्णय गरियो

(क) रा.प.प्रथम, द्धितिय अधिकृतस्तर प्रशिक्षक : प्रतिकक्षा रू.२५००।
(ख) रा.प.तृतियस्तर प्रशिक्षक : प्रतिकक्षा रू २०००।
(ग) खाना प्रति छाक : रू.२५० ।
(३) खाजा चिया प्रति व्यक्ति : १५०।
(४) स्टेसनरी : प्रति व्यक्ति : १२०।
(५) हलभाडा प्रतिदिन रू.१५०० । आदि ।

**निर्णय नं. ९**

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी सहिदभूमि गाउंपालिकाले आवश्यकताको आधारमा राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा भगिनी सम्बन्ध कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

गाउंपालिकाको भाडामा संचालित प्रशासकीय भवन तथा वडा कार्यालयहरुलाई आफ्नै भवनमा संचालन गर्नका लागि नि:शुल्क जग्गा प्राप्ति तथा भवन निर्माण कार्यलाई निरन्तरता दिने सम्बन्धी कामगर्नका लागि गाउंपालिकालाई आवश्यक निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्वच्छ वातारवरणमा बाच्न पाउने व्यक्तिको मौलिक हकलाई संरक्षण गर्ने तथा स्वास्थ्य खान पाउने अधिकारलाई संरक्षण गर्न फोहोरमैला व्यवस्थापन प्रभावकारी बनाउने तथा म्याद गुज्रेका खाद्य सामाग्री बेचविखन गर्ने व्यवसायिलाई कडा भन्दा कडा कारबाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण गर्न आवश्यक अभिलेखांकन गर्ने कार्यको थालनी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

सवारी साधनमा विनियोजित रकमवाट हल्का सवारी साधन तथा साना सवारी साधन क्याटलग विधि तथा अन्य आवश्यक खरिद विधि अपनाई खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

थलथले स्वास्थ्य चौकीको ल्याब मार्फत २०७५ श्रावण देखि जिल्ला अस्पतालको शुल्क दररेटमा ल्याब परीक्षण शुल्क लिई जांच गर्ने र स्वास्थ्य ल्याब सेवाको जनशक्ति क्षमता विकास एवं सेवा प्रभावकारीता वृद्धि गर्न गाउंपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस गाउंपालिकाको भौतिक पूर्वाधार तर्फको योजना तथा कार्यक्रममा आगामी आ.व.देखि मर्मत सम्भार कोषमा स्वीकृत रकमको २ प्रतिशत कोष कट्टी गर्ने तथा १ प्रतिशत विपद व्यवस्थापन कोष कट्टी गरी उक्त रकमलाई पुन : कार्यविधि तथा निर्देशिकाका आधारमा खर्च गर्न गाउंपालिकालाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

गाउं तथा वडा स्तरबाट संचालन हुने सार्वजनिक आयोजना तथा कार्यक्रमहरुमा स्वीकृत वजेट सिमा भित्र नियमानुसार लागत अनुमान ४ प्रतिशत योजना सिरोभार (कन्टिन्जेन्सी) खर्च समावेश गरी कार्यक्रम संचालन गरिने निर्णय गरियो ।

**निर्णय नं. १७**

